मध्यपश्चिम विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

पत्र संख्याः
चलानी नं.:

मितिः २०८०/०२/२२

## मौका परीक्षा आवेदन फाराम भर्ने सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्वारा निम्नानुसार ग्र्याजुयट स्कुल अन्तर्गत तपसिलका तह र सेमेस्टरको लागि लिइने मौका परीक्षाको परीक्षा फाराम खुलाइएको छ । सम्बन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको शिक्षण संस्थामा आफ्नो परीक्षा फाराम भरी बुझाउनुहोला । परीक्षा फाराम www.muexam.edu.np को Online Exam form बाट अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फाराम भौतिक रुपमा पनि क्याम्पसमा बुझाउनुहोला ।

| ग्र्याजुयट स्कुल | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| ह्युमानिटिज एण्ड सोसल साइन्सेज | स्नातकोत्तर | MICD | तेस्रो |
| मेनेजमेन्ट | स्नातकोत्तर | MBA | तेस्रो |

**पुनश्चः**

१) सन २०२१ मा स्नातकोत्तर तहमा भर्ना भई तेस्रो सेमेस्टरको नियमित परीक्षामा कम्तिमा दुई वटा विषय उर्त्तिण गरेका विद्यार्थीले मात्र मौका परीक्षामा सहभागी हुन सक्नेछन

२) परीक्षा फाराम मिति २०८० जेष्ठ २२ गते देखि २०८० जेष्ठ २८ गते सम्म नियमित शुल्क र २०८० जेष्ठ २९ गते अतिरिक्त शुल्क तिरी भर्नुपर्नेछ ।

३) सम्बन्धित शिक्षण संस्थाले मिति २०८० जेष्ठ ३१ गते साँझ ५:०० बजे सम्म परीक्षा फाराम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

४) परीक्षा फाराम पठाउदा Online Exam form list बाट प्राप्त sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनुपर्नेछ ।

५) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा आफू अध्ययन गर्ने शिक्षण संस्था प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- ( अक्षरुपी चारसय मात्र ) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिनेछ ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइनेछैन ।

२०८०/०२/२२

नरेन्द्र प्रकाश सावद
परीक्षा व्यवस्थापन प्रमुख
परीक्षा व्यवस्थापन प्रमुख

फोन नं.: +९७७-८३-५२३७९२ इमेलः info@muexam.edu.np वेभसाइटः www.muexam.edu.np